नेपाल सरकार
# भूमि सम्वन्धी समस्या समाधान आयोग
ताहाचल, काठमाडौ

## प्रेस विज्ञप्ति

**विचल्ली पारिएका चेपाङको व्यवस्थापन र संलग्न दोषीलाई अविलम्ब कारबाही गर्ने बारे।**

चितवन माडी -९ कुसुमखोला स्थित चेपाङबस्तीका आठ घर हात्ती लगाएर भत्काएको र दुई घरमा आगो लगाइदिएको दुःखद घटना प्रति भूमि सम्बन्धी समस्या समाधान आयोगको ध्यानाकर्षण भएको छ ।

गाँस/बासको अरू कुनै उपाय नभएका आदिवासी सीमान्तकृत चेपाङ सुकुमबासीलाई दुई दशकभन्दा बढी समयदेखि बस्दै आएको स्थान र त्यो पनि मध्य वर्षातमा जुनसुकै कारण देखाएर गरिएको उठिबास र आगलागी क्षम्य छैन ।

पीडित नागरिकलाई तुरुन्त आवास र क्षतिपूर्तिको व्यवस्था गर्न र यो घटनाको छानबीन गरी चितवन राष्ट्रिय निकुञ्जका संलग्न कर्मचारीलाई तुरुन्त कडा कारबाही गर्न सम्बन्धित सरकारी निकायसँग अनुरोध गर्दछौ ।राज्यले संरक्षण गर्नुपर्ने नागरिकलाई राज्यकै निकायबाट दुर्व्यवहार हुने कुरा सोच्न पनि सकिंदैन ।

सदियौंदेखि अन्यायमा परेका भूमिहीन सुकुम्बासीलाई भूमि व्यवस्था गर्न भूमि सम्बन्धी समस्या समाधान आयोग गठन भई कार्य प्रारम्भ भइसकेको र आयोगले कार्य प्रारम्भ गरेकै दिन कुनै पनि बस्तीबाट जबर्जस्ती विस्थापन नगर्न र नयाँ बस्ती पनि नबसाउन सार्वजनिक रूपमै अनुरोध गरेको स्मरण गर्दै पुन कुनै पनि बाहानामा सुकुम्बासी र भूमिहीनको जबर्जस्ती विस्थापन नगर्न/नगराउन सम्बन्धित सबै पक्षसँग अनुरोध गर्दछौ ।

मिति : २०७७ साउन ०६ गते

(भीम बहादुर कार्की)
प्रवक्ता